# येशूसँगको घनिष्ठता

## यूहन्ना १:३५-५१ को अध्ययन

प्रयाङ्क्लिनद्वारा

**यूहन्ना १:३५** फेरि अर्को दिन यूहन्ना उनका चेलाहरुमध्ये **दुई** जनासँग उभिरहेका थिए ।

पद.१ **दुई चेलामात्र !** वप्तिसमादिने यूहन्नाको बहुतायत (लुका ३:१०)
**किन दुई मात्र ?** **अरु कहाँ थिए** ????

यी दुई चेलाहरुको लागि, येशू मसिहको बारे जान्न खोज्नु र ईच्छा गर्नु उनीहरुको **पहिलो प्राथमिकत्ता** थियो ।

येशूले हामीलाई **किन त्यहाँ थोरै मात्र छन्** भन्ने बीउ छर्नेको दृष्टान्त बताउनुभयो । मर्कूस ४:१९+

बीउ = वचन र चार प्रकारका मानिसहरु :

- **बाटोको छेउमा** खसेका बीउ - **दियाबलसले** आएर तिनीहरुका हृदयबाट वचन लगिहाल्छ ।
- **ढुङ्गेनी ठाउँमा** खसेका बीउ - **कष्ट** र **उत्पीड़नमा** परेका बेलामा तिनीहरुको पतन हुन्छ ।
- **काँडाहरुमा** खसेका बीउ - जीवनका **चिन्ता**, धन, **सुख-चैनमा** परेर बढ्न पाउँदैनन् (लूका ८:१४), र तिनीहरुका फल पाक्न पाउँदैनन् ।
- **असल जमीनमा** खसेका बीउ - वचन सुनेर निष्कपट र भला हृदयमा त्यसलाई जोगाइराख्छन्, र धेर्यसाथ **फल फलाउँछन्**, तीस गुणा, साठी गुणा, र सय गुणा ।

**चिन्ताहरु** : वचन निसास्नि मत्ती ६:२५-३३ ......म तिमीहरुलाई भन्दछु, 'के पिउँला' भनी आफ्नो प्राणको निम्ति र 'के लगाउँला' भनी आफ्नो शरीरको निम्ति फिक्री नगर । (३१) **फिक्री नगर**....... पिताले तिमीहरुलाई यी सबै थोक खाँचो छ भनी जान्नुहुन्छ । (३३) तर **पहिले** उहाँको राज्य र उहाँको धार्मिकताको **खोजी** गर, **र यी सबै थोक तिमीहरुका निम्ति थपिनेछन्** ।

फिलिप्पी ४:६-७ **कुनै कुरामा चिन्तित नहोओ**, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा **धन्यवादसहित** तिमीहरुका बिन्ती परमेश्वरमा जाहेर होऊन्, (७) र समझले ने भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरुका **हृदय** र तिमीहरुका **मन**लाई येशूमा रक्षा गर्नेछ ।

तीतस २:११-१२ किनकि सबै मानिसहरुका मुक्तिको निम्ति परमेश्वरको **अनुग्रह** प्रकट भएको छ, (१२) जसले हामीलाई भक्तिहीनता र सांसारिक तृष्णाहरु त्याग्न र संसारमा **संयमी**, सोझो र भक्त भएर जीवन यापन गर्न तालिम दिन्छ ।

**धन** : वचन निसास्नु लुका १६:१, १०-१५ तिमीहरु परमेश्वर र धन दुवैको सेवा गर्न सक्दैनौं । १ तिमोथी ६:९ तर **धनी** हुने **इच्छा** गर्नेहरु **परीक्षामा** पर्छन्, **पासोमा** फस्छन् र धेरै अर्थहीन र **दु:खदायी इच्छाहरुमा** डुब्छन्, जसले मानिसहरुलाई **बरबादी** र **सर्वनाशमा** डुबाउँछन् ।

हिब्रु १३:५ तिमीहरुका जीवन **रुपैयाँपैसाको मोहबाट अलग्ग राख** । तिमीहरुसँग भएका कुरामा **सन्तुष्ट** बस । १ तिमोथी ३:३; ६:१०

**सुख-चैन** : (लुका ८:१४) वचन निसास्नु
१ यूहन्ना २:१५ संसारलाई वा संसारमा भएका कुनै पनि **थोकलाई** प्रेम नगर ।
१ तिमोथी ६:८ तर खान र लाउनसम्म छ भने हामी त्यसैमा **सन्तुष्ट** हुनेछौं ।

दानिएल १२:४ भविष्य : धेरै जना ज्ञान बढ़ाउनलाई यता रउता जानेछन् ।
खेलकुद/किनमेल/इत्यादि ।

**पावलको हृदय** : फिलिप्पी ३:७-९ तर **जति कुरा** मेरो निम्ति लाभदायक थिए, ती त मैंले ख्रीष्टको खातिर **हानि** नै ठानें । साँच्चै भन्ने हो भने **ख्रीष्ट येशू मेरा प्रभुलाई चिन्न पाउने अमूल्य कुराको तुलनामा सबै कुरालाई** म हानि नै ठान्दछु । **ख्रीष्टलाई प्राप्त गर्न सकूँ** भनेर उहाँको निम्ति मैले **सबै कुराको** नोक्सानी भोगेको छु, अनि ती सबैलाई फोहर-मैला तुल्य म गन्दछु, (९) र सम्पूर्ण रुपले म उहाँमा भएको पाइन सकूँ ।

ईशाक वाट्सले, उनको भजनमा भनेका छन् : सबै "**कुराहरुको**" भाला पनि पहिचान गर्दछु, जब म क्रुसको सर्वेक्षण गर्दछु, उनी लेख्छन् : यो कहिल्यै मेरो लागि घमण्ड नबनोस् - राजा येशूद्वारा क्रुसमा बचाईएको -र **सम्पूर्ण व्यर्थका कुराहरु जसले सधैं मलाई लोभ्यायो - म त्यसलाई पन्छ्याउँदछु**, केवल उहाँको क्रुसलाई मात्र अँगाल्दछु ।

- यो नै समस्या हो-व्यर्थका कुराहरुले हामीलाई लोभ्याउदँछ.....हाम्रो समय र ध्यान लिदँछ ।

**यो हृदयसँग सम्बन्धित /प्राथमिकताहरु /तपाईलाई के महत्व छ ।**

जहाँ तिम्रो धन हुन्छ, त्यहीँ तिम्रो मन पनि हुन्छ । मत्ती ६:२१

यिनीहरु नै मुख्य कारण हो कि **किन यो सधैं केही मात्र हुन्छ** :

**लुका १७: ११-१९ "के निको भएका दश जना होइनन् र? अरु नौ जना कहाँ छन्?"**

- हामीले कति आशिषहरु पाउँदछौं र हाम्रो मार्गमा कम

- धन्यवादीताको मानसिक्ता १ थेसलोनिकी ५:१८ सबै परिस्थितिमा धन्यवाद देओ, किनकि ख्रीष्ट येशूमा तिमीहरुका लागि परमेश्वरको इच्छा यही हो ।

---

येशले विशाल जनसाधारणलाई सिकाउनुभयो तर साँच्चनै उहाँको अनुसरण कसले गऱ्यो ?

उहाँले बाह्र जना चेलालाई बोलाउनुभयो-तर कोही उहाँसँग अति नजिक थिए अरु भन्दा ।

**१२** जना चेला मध्ये **३** जनाले उहाँको अनुसरण गरे अरुले भन्दा बढी गरे ।

**३** जना मध्ये त्यहाँ **१** जना थिए जसले उहाँको अनुसरण अरुले भन्दा बढी गरे ।

**यूहन्ना १३:२१+**

---

**यी दुईका** लागि-उनीहरुको इच्छा/ उनीहरुको प्राथमिकता/ उनीहरुको भोक चाहिँ - **उहाँलाई अझ घनिष्ठ भएर जान्नु** थियो !

**समयसँगै फेरि येशूले हामीसँग प्रतिज्ञा गर्नुभएको छ** :

व्यवस्था ४:२९ परमप्रभु तिमीहरुका परमेश्वरलाई तिमीहरुले **खोज्यौ** भने र **तिमीहरुका सारा हृदय र प्राणले खोज्यौ भने तिमीहरुले उहाँलाई भेट्टाउनेछौ** ।

१ इतिहास २२:१९ अब परप्रभु तिमीहरुका परमेश्वरको अगुवाइ खोज्न **आफ्नो तनमन लगाओ** ।

२ इतिहास १२:१४ तिनले जे खराब थियो त्यहीँ गरे, किनभने तिनले परप्रभुको अगुवाइ **खोज्न** कोशिश गरेननन् ।

भजनसंग्रह ३४:१० परमप्रभुको **खोजी** गर्नेहरुलाई कुनै उत्तम कुराको अभाव हुँदैन ।

भजनसंग्रह १०५:४ परमप्रभु र उहाँका शक्तिको **खोजी** गर, उहाँको दर्शन निरन्तर **खोज** ।

हितोपदेश २८:५ परमप्रभुलाई **खोज्नेहरुले** यसलाई पूर्ण रुपले **बुझ्दछन्** ।

यशैया ५५:६ जबसम्म परमप्रभुलाई पाउन सक्छौ उहाँलाई **खोज** । **उहाँ नजिक हुनुहुँदा नै** उहाँलाई **भेट** ।

उहाँ अहिले नै तपाईको अत्यन्त नजीक हुनुहुन्छ ! दिन प्रति दिन ।

उहाँ टाढिदैँ हुनुहुन्छ ……के तपाईले उहाँलाई पछ्याउँनु हुनेछ वा गएर काड़ामा पर्नुहुनेछ ? यो परिक्षा हो ( जसलाई तपाईले प्रेम गर्नहुन्छ )> एउटा मौका >तपाईले के गर्नुहुन्छ ?

---

**यूहन्ना १:३६-३७** उनले येशूलाई गइरहनुभएको देखेर भने, “हेर, परमेश्वरका थुमा !” (३७) उनले भनेको यो कुरा सुनेर **ती दुई चेलाहरु येशूको पछि लागे** ।

यो नै चेलापन हो > येशूलाई खोज्ने र पछ्याउँने हृदय तयार पार्ने ।

---

**यूहन्ना १:३८** येशूले फर्केर हेर्नुभयो, र तिनीहरुलाई पछिपछि आइरहेका देखेर तिनीहरुलाई सोध्नुभयो,**"तिमीहरु के खोज्दैछौ ?"** तिनीहरुले उहाँलाई भन्नुभयो,"रब्बी (जसको अर्थ हो, गुरुज्यू), तपाई कहाँ बस्नुहुन्छ ?"

- र येशू फर्कनुभयो- यहि तरिका हो तपाईले उहाँको ध्यानाकर्षण पाउँने । उहाँसँग अझ घनिष्ठ सम्बन्ध बनाउने **इच्छाको, खोजको** सुरुवात गर्नुहोस् । उहाँलाई पछ्याउँनु होस् ।
- उनीहरु येशूसँग आमने सामने/आँखाअघि आँखा थिए । यस्तो अवस्था कस्तो हुने थियो ?
- र येशूले उनीहरुलाई प्रश्न गर्नुभयो- समयसँगै फेरि उही प्रश्न उहाँले हामीलाई सोध्नुहुन्छ : तिमी के खोज्दैछौ ?- तिमी के कुरा खोज्दैछौ ? तिमी के चाहन्छौं ?
    - o उहाँले तपाईको हृदय देख्नुहुन्छ । तपाईले उहाँलाई सत्य भन्नुहोस् ।

- उनीहरुसँग असल उत्तर थियो - तपाई कहाँ बस्नुहुन्छ ? उनीहरु **उहाँसँग** हुन चाहन्थे/उहाँसँग **रहन** चाहन्थे ।
    - o यूहन्ना १५:७ तिमीहरु **ममा रहचौ भने**, र **मेरा कुरा** तिमीहरुमा रहे भने, तिमीहरुलाई जे इच्छा लाग्छ माग.............यसरी नै हो प्रार्थनाको सुनुवाई हुने ।
    - o किनकि : उहाँलाई खोज्नेहरुलाई उहाँले प्रतिफल दिनुहुन्छ । हिब्रु ११:६

---

**तपाईको चाहना के हो ? - तपाई के खोज्दै हुनुहुन्छ ? - तपाईको प्रेम के हो ? - तपाई केही कार्य गर्न केले उत्साह दिँदछ ?**

मानिसहरुहरु आफ्नो प्रेम कुन कुरामा छ त्यसैको खोजी गर्दछन् ।

१. **येशूको** प्रेम/उत्साह : **यूहन्ना १७:२४**

२. **लुका १०:३८-४२** मार्था : धेरै **कुराहरुसित** **विचलित - चिन्तित - दुखित** थिइन् - काडाँहरु ।
मरियम : "**एउटै कुरा मात्र**"

३. **भजनसंग्रह २७:४ दाऊदको** प्रेम :
प्रेरित १३:२२ मैले यिशैको छोरो दाऊदलाई मेरो हृदयअनुसारको मान्छे पाएँ, जसले मेरो सबै इच्छा पूरा गर्नेछ ।

४. **यहोशूको** प्रेम : **प्रस्थान ३३:७-११** जवान सहायक........ यहोशू, त्यस पालबाट निस्कँदैनथे ।

मोशासँग मिश्रबाट जति पनि जवान मानिसहरु आएका थिए, केवल एकले मात्र परमेश्वरका कुराहरुलाई पछ्याएँ :

- सबै जवान मानिसहरु मध्ये केवल एकले मात्र - **एउटै कुराको**..... इच्छा राखे !
- त्यहाँ किन अरुहरु थिएनन् ?

२ तिमोथी ३:१-५ तर यो बुझिराख, कि आखिरी दिनहरुमा डरलाग्दा समयहरु आउनेछन् । (२) किनभने मानिसहरु **आफैलाई मात्र माया गर्ने, रुपियाँपैसाको मोह गर्ने**.....**हठी**.....**बैगुनी, अपवित्र**, (३) **स्वभाविक प्रेमरहितका**,....**क्रूर**.....(४) .....**परमेश्वरलाई भन्दा सुख-विलासलाई प्रेम गर्ने**....।

२ इतिहास १६:९ किनकि **जसका हृदय उहाँप्रति भक्त छन्**, तिनीहरुलाई सहायता दिन सारा पृथ्वीभरि नै **परमप्रभुको दृष्टि रहन्छ** ।

---

**यूहन्ना १:३९** उहाँले तिनीहरुलाई भन्नुभयो,"**आओ, र तिमीहरुले देख्नेछौं ।**" **तिनीहरु गए**, र उहाँ बस्नुभएको स्थान **देखें** । तिनीहरु त्यो दिन उहाँसँग वास बसे, किनभने प्रायः चार बजिसकेको थियो ।

> यूहन्ना ११:४० येशूले तिनीहरुलाई भन्नुभयो....तिमीले विश्वास गऱ्यौ भने परमेश्वरको महिमा देख्नेछौं ।
>
> लुका ४:१८ अन्धाहरुलाई दृष्टि दिन येशू आउँनुभयो ।

येशूले हामी सबैलाई भन्नुभएको छ : "आओ र तिमीहरुले देख्नेछौं ।" यो एकदम सत्य हो ।

येशूलाई अत्यन्त चाहका साथ खोज्ने र उहाँलाई देख्न उत्सुक हुने एउटा असल उदाहरण :

**मत्ती ९:२७-३०** येशू त्यहाँबाट जानुहुँदा **दुई जना अन्धाहरु** "हे दाऊदका पुत्र, हामीमाथि दया गर्नुहोस्" भनी कराउँदै उहाँको पछिपछि लागे । (२८) उहाँ घरमा पस्नुभएपछि ती अन्धा मानिसहरु उहाँकहाँ आए । येशूले तिनीहरुलाई भन्नुभयो, "म यो गर्न सक्छु भनी के तिमीहरु विश्वास गर्दछौं ?" तिनीहरुले उहाँलाई भने हो, "ज्यू, प्रभु ।" (२९) तब उहाँले तिनीहरुका आँखा छोएर भन्नुभयो,"तिमीहरुको विश्वास अनुसार तिमीहरुलाई होस् ।" (३०) **अनि तिनीहरुका आँखा खोलिए ।**

---

लुका २४:१३-३५ दुई जना इम्माउसको बाटो तर्फ

(१५) तिनीहरु बातचित गर्दै र बहस गरिरहेको बेला **येशू आफै नजिक आएर** तिनीहरुका साथ लाग्नुभयो, (१६) तर **तिनीहरुका आँखा उहाँलाई चिन्न नसक्ने तुल्याइएका थिए ।** (१७) उहाँले तिनीहरुलाई सोध्नुभयो,"तिमीहरु हिँड्दै आपसमा के बहस गरिरहेका छौ?" (२७) तब मोशा र सबै अगमवक्ताहरुबाट सुरु गरेर उहाँले धर्मशास्त्रमा आफ्नो विषयमा लेखिएका कुराहरुको अर्थ तिनीहरुलाई खोलिदिनुभयो । (२८) तिनीहरु जुन गाँउमा गइरहेका थिए त्यसको नजिकै पुगे । उहाँ अझै पर जान चाहने जस्तो गर्नुभयो । (२९) तर **तिनीहरुले** उहाँलाई **यसो भनेर कर लाए**, "**हामीसँगै बस्नुहोस्,** किनकि साँझ पर्न लाग्यो, र दिन धेरै ढल्किसकेको छ ।" अनि उहाँ तिनीहरुसँग बस्नलाई घरभित्र पस्नुभयो । (३०) जब येशू तिनीहरुसँग बस्नुभयो उहाँले रोटी लिएर आशीर्वाद दिनुभयो, र भाँचेर तिनीहरुलाई दिन लाग्नुभयो । (३१) **तब तिनीहरुका आँखा खुले**, र तिनीहरुले उहाँलाई चिने ।

लुका १६:१६ ....त्यस बेलादेखि परमेश्वरका राज्यको सुसमाचार प्रचार गरिएको छ, र सबै जना त्यस राज्यभित्र बलपूर्वक प्रवेश गर्दछन् ।

## -आओ, र तिमीहरुले देख्नेछौं-

**यूहन्ना १:४०-५१** यूहन्नाले भनेका कुरा सुन्ने र येशूलाई पछ्याउने ती दुई जनामध्ये एक जना सिमोन पत्रुसका भाइ आन्द्रियास थिए । (४१) तिनले पहिले आफ्ना भाइ सिमोनलाई भेट्टाए, र उनलाई भने "हामीले मसीहलाई (जसको अर्थ हो, ख्रीष्ट) भेट्टाएका छौं । (४२) तिनले सिमोनलाई येशूकहाँ ल्याए ।

- जसले परमेश्वरको उपस्थितिमा समय बिताउँदछ, अरुलाई खोज्दा र भन्दा उनीहरु **आनन्दले भरिन्छन्** ।

(४३) भोलिपल्ट उहाँले गालीलमा जाने निश्चय गर्नुभयो । र **फिलिप**लाई भेट्टाएर उहाँले तिनलाई भन्नुभयो, **मेरो पछि लाग** ।" (४४) अन्द्रियास र पत्रुसजस्तै फिलिप पनि बेथसेदा सहरका नै थिए । (४५) **फिलिपले नथानेलाई भेट्टाएर** भने, "जसको विषयमा मोशाले व्यवस्थामा र अगमवक्ताहरुले पनि लेखेका थिए, योसेफका पुत्र **नासरतका येशूलाई** हामीले भेट्टाएका छौं ।"

(४६) **नथानेलले** तिनलाई भने,"के नासरतबाट केही असल कुरा आउन सक्छ र?" फिलिपले तिनलाई जवाफ दिए, "**आएर हेर ।**" (४७) येशूले **नथानेललाई आफूकहाँ आइरहेका देखेर** तिनको विषयमा भन्नुभयो,"एक जना पक्का इस्त्राएलीलाई हेर, जसमा कुनै छल छैन ।"(४८) नथानेलले सोधे,"तपाईले मलाई कसरी चिन्नुभयो ?" येशूले तिनलाई जपाफ दिई भन्नुभयो, "फिलिपले तिमीलाई बोलाउन अघि, अञ्जीरको रुखमुनि **मैले तिमीलाई देखेको थिएँ** ।"

तपाईले उहाँलाई देख्न अघि नै **उहाँले तपाईलाई देखि सक्नुभयो** । उहाँ आफैले हेर्नुहुन्छ ।
संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो । एफिसी १:४

(४९) नथानेलले उहाँलाई भने,"रब्बी, तपाई परमेश्वरका पुत्र हुनुहुन्छ, तपाई इस्त्राएलका राजा हुनुहुन्छ ।" (५०) येशूले तिनलाई जवाफ दिई भन्नुभयो, "मैले तिमीलाई अञ्जीरको रुखमुनि देखें भनेकाले नै तिमी विश्वास गर्दछौ ? तिमीले यीभन्दा अझ ठूला कुराहरु देख्नेछौ ।" (५१) अनि उहाँले तिनलाई भन्नुभयो, "साँच्चै, म तिमीलाई भन्दछु, तिमीहरुले स्वर्ग उघ्रिएको र परमेश्वरका दूतहरुलाई मानिसको पुत्रमाथि उक्लँदै र ओर्लदैगरेका देख्नेछौ ।"

पद ५० तपाईको लागि **प्रतिज्ञा** हो : जति तपाई उहाँसँग समय बिताउँनु हुन्छ, त्यति तपाईले **महान् कुराहरु** देख्नुहुन्छ.......सपना/दर्शन/प्रकाश ।

- हाम्रो रोजाई : महान् **कूराहरु**.....वा......यो संसारका **कुराहरु** ।

पिता म इच्छा गर्दछु, कि तपाईले मलाई दिनुभएकाहरु म जहाँ छु **मसँग** रहून्, र **मेरो महिमा देखून्** । यूहन्ना १७:२४

हेर, ग्रहणयोग्य समय अहिले हो, मुक्तिको दिन अहिले हो । २ कोरन्थी ६:२

- तपाईको लागि के महत्व छ त्यसबारे निर्णय लिनु ।
- तपाईले के खोजी गर्नुहुनेछ त्यसबारे निर्णय लिनु ।
- तपाई

यो जस्तै हामीसँग हाम्रो पासपोर्ट छ - हाम्रो टिकट छ - हामीलाई नयाँ र असल स्थानमा जानको लागि एयरपोर्टबाट प्रस्थानको स्वीकृत पनि दिइयो- तर.....

यो जस्तै एयरपोर्टमा हामी हाम्रो ब्यागेज लिने ठाउँमा उभिरहेका छौं जो निरन्तर घुमिरहेको छ । तर हामी जे कुराको खोजी-सबै ब्यागेज जो हामीले विगतबाट बटुलेका छौं- सबै चोट र निराशाहरु ।

येशू सिढीको माथि उभिनु भएको छ र हामीलाई माथि बोलाउँदै हुनुहुन्छ > अर्को क्षेत्रमा ।

उहाँसँगै माथि जान । परमेश्वरको राज्यमा पस्न र जिउँन । जहाँ सबै **कुराहरु** उपलब्ध छन्.....र महान् कुराहरु देखिन्छन् ।

त्यसलाई तल राख्नुहोस्/त्यसलाई खुकुलो पार्नुहोस्/त्यसलाई तपाईको पछि राख्नुहोस्/त्यसबाट विपरित येशूकहाँ हिड्नुहोस् ।/आफ्नो ध्यान परिर्वतन गर्नुहोस्/आफ्नो खोजी परिवर्तन गर्नुहोस्/आफ्नो प्राथमिकता परिवर्तन गर्नुहोस् ।

मत्ती ११:२८-३० हे सबै **थाकेका र बोझले दबिएका हो**, **मकहाँ आओ**, म तिमीहरुलाई **विश्राम** दिनेछु । मेरो जुवा आफूमाथि लेओ, र **मसँग सिक**, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरुले आफ्ना आत्मामा विश्राम पाउनेछौ । किनकि मेरो जुवा सजिलो छ, र मेरो भारी हलुको छ ।

---

तसर्थ, यसको लागि एउटा कुरा आवश्यक छ - हामी काढ़े जमीनबाट बाहिर निस्कनुपर्दछ जसद्वारा हामी उहाँसँग **समय** बिताउँन सक्छौं ।

येशूसँग घनिष्ठ सम्बन्ध राख्न **सुन्नु** र **बोल्नु** एकदमै महत्वपूर्ण र आवश्यक छ ।

यसको लागि इच्छा - खोज - परमेश्वरसँग बातचीत आवश्यक पर्दछ ।

येशू मानिस हुनुभयो - हामी जस्तै एक भई जिउनुभयो - उहाँले पितासँग कहिले बातचीत गर्नुभयो ???

मर्कूस १:३५ **बिहान उज्यालो हुनभन्दा धेरै अघि** उठेर उहाँ बाहिर एकान्त ठाउँमा जानुभयो, र त्यहाँ प्रार्थना गर्नुभयो ।

१. **येशूले रोज्नुभएको समय - सबेरै बिहान ।**

२. **उहाँले शिक्षा दिने कार्य कुन समय सुरु गर्नुभयो ?**
लुका २१:३८ उहाँको वचन सुन्नलाई सबै मानिसहरु बिहानै मन्दिरमा आउँथे ।

३. पुनरुत्थान हुनुभएको प्रभुलाई **देख्ने पहिलो व्यक्ति ।**
यूहन्ना २०:१ र १४ हप्ताको पहिलो दिन **बिहान अँध्यारो छँदै** मरियम मग्दलिनी चिहानमा आइन्,

४. **कुन समय परमेश्वर आदमसँग हिँड्नुभयो ?**
उत्पत्ति ३:८ अनि **साँझपख** परमप्रभु परमेश्वर बगैंचामा डुल्दैहुनुहुँदा तिनीहरुले उहाँको सोर सुने

५. **मन्नको शिक्षा ।**
प्रस्थान १६:१२-१४,१८,२१ **बिहान रोटीले** अघाउनेछौं । तब म परमप्रभु तिमीहरुका परमेश्वर रहेछु भन्ने तिमीहरुले थाहा पाउनेछौं ।

- यूहन्ना ६:३५ येशूले तिनीहरुलाई भन्नुभयो "**जीवनको रोटी म हुँ** । मकहाँ आउने भोकाउनेछैन, र ममाथि विशवास गर्ने कहिल्यै तिर्खाउनेछैन ।" यूहन्ना ६:४८ म जीवनको रोटी हुँ ।

(१६) **हरेकले** आफूले **खाने जति** बटुल ।

(१८) धेरै बटुल्नेको ज्यादा भएन र थोरै बटुल्नेको कम भएन । तिनीहरु हरेकले आफूले खाने जति नै बटुले । (१९) तब मोशाले तिनीहरुलाई भने, "कसैले पनि त्यसबाट केही पनि बिहानसम्म नराखोस् ।" (२०) तर तिनीहरुमध्ये कसैले मोशाको कुरा सुनेनन्, र

तिनीहरुले त्यसबाट केही भाग बिहानसम्मै राखे । तर त्यसमा कीरा लागेर गन्हाउन लाग्यो । मोशा तिनीहरुसित क्रोधित भए । (२१) **यसरी बिहान-बिहान तिनीहरु हरेक मानिसले आफूले खाने जति बटुल्थे, र घाम छिप्पिएपछि त्यो बिलाइहाल्थ्यो ।**

६. **धूपको वेदी** । धूप एक किसिमको हाम्रो प्रार्थना हो ।
प्रस्थान ३०:७-८ "वेदीमा हारुनले सुगन्धित मसलाको धूप **प्रत्येक बिहान** बत्तीहरु सच्याउँदा **जलाओस्** ।....... यसरी आउने पुस्ता-पुस्तासम्म परमप्रभुको सामुन्ने त्यो निरन्तर बल्ने धुप हुनेछ ।"

प्रकाश ८:३-४ अनि अर्को एउटा स्वर्गदूत आए,......अनि सिंहासनको सामुन्ने रहेका सुनको वेदीमाथि सबै सन्तहरुका **प्रार्थनासँग** चढ़ाउनका निम्ति तिनलाई धेरै धूप दिइयो । (४) धूपको धूपको धूवाँ सन्तहरुका प्रार्थनाका साथ स्वर्गदूतको हातबाट परमेश्वरको सामुन्ने मास्तिर गयो ।

७. **पूजाहारीले आगोलाई निरन्तर जलाई राखून् ।** लेवी ६:१२-१३ **वेदीको आगो जली नै रहोस्** र **त्यो निभ्न नपाओस्** । **हरेक बिहान पुजारीले त्यसमा दाउरा थपून्,** र होमबलि आगोमा मिलाएर त्यसमाथि मेलबलिको बोसो जलाऊन् । (१३) वेदीको **आगो निरन्तर जली नै रहोस्, त्यो कहिल्यै निभ्नि नपाओस्** ।

मत्ती ३:११ उहाँले तिमीहरुलाई पवित्र आत्मा र आगोले बप्तिसमा दिनुहुनेछ ।

८. **पहिलो फल परमेश्वरको हो ।** हितोपदेश ३:९ आफ्नो धन-सम्पत्ति र आफ्ना सबै उब्जनीको अगौटे फलले परमप्रभुको आदर गर ।

९. **दाऊद परमेश्वरको पछि लाग्ने हृदय भएका मानिस थिए । किन** ?

भजनसंग्रह ५:३ हे परमप्रभु, **बिहानै** तपाईले मेरो सोर सुन्नुहुन्छ । **सबेरै** तपाईका अगि मेरो प्रार्थना राख्दछु, र आशामा पर्खन्छु ।

भजनसंग्रह ५७:८ हे मेरो प्राण जाग्, हे वीणा र सारङ्गी, जाग, म प्रभातलाई जगाउनेछु ।

भजनसंग्रह ६३:१ हे परमेश्वर, तपाई मेरा परमेश्वर हुनुहुनछ, म तपाईलाई दिलोज्यानले खोज्छु । मेरो प्राण तपाईको निम्ति तिर्खाउँछ, मेरो शरीर तपाईकै निम्ति मरिमेट्दछ ।

भजनसंग्रह ९०:१४ **बिहान** आफ्नो नटल्ने करुणाले हामीलाई **तृप्त पार्नुहोस्,** र हामी आफ्ना जीवनभरि रमाएर गाउन सकौँ ।

भजनसंग्रह ११९:१४७ **म सूर्योदय हुन अघि उठेर** मदतको लागि पुकार गर्छु, मैले तपाईको वचनमाथि भरोसा राखेको छु ।

१०. **श्रेष्ठगीत ७:१२ आओ, हामी बिहानै उठौं......**
**हामी बिहानै** दाखबारीमा जाऔं, दाखमा कोपिला लागेर फक्रेका छन् कि, र दारिमहरुका फूल लागेका छन् कि हेरौं - **त्यहाँ म तपाईलाई मेरो प्रेम दिनेछु** ।

उहाँले तपाईलाई बगैंचामा बोलाउँदै हुनुहुन्छ...उहाँ तपाईसँग बिहान सबेरै हिड्न चाहानु हुन्छ जसरी उहाँ आदम र हव्वा हिड्नुहुन्थ्यो ।

उहाँ तपाईलाई प्रेम दिन चाहनुहुन्छ । कसरी उत्तर दिनुहुन्छ ?

तपाई के गर्नुहुन्छ ? तपाई के चाहानुहुन्छ ?

उहाँ तपाईको लागि हरेक बिहान प्रतिक्षा गर्नुहुन्छ ।

A. उहाँको आवाजलाई सुन्ने - उहाँ अझै बोल्दैहुनुहुन्छ ।
   1. हिब्रु ३:७,१५; ४:७; ५:१४; १२:२५
   2. यूहन्ना १०:२७; १६:१३
   3. हबकूब २:१-२

शान्त ठाउँ : भजनसंग्रह २७:५ प्रस्थान ३३:२१-२२

प्रार्थना गर्दा दर्शन देख्ने प्रयास गर्नुहोस् :

उहाँको वचनको प्रतिक्षा गर्नुहोस् : भजनसंग्रह ११९:७४, ११४, १२३, १४७

उहाँको आवाजलाई चिन्नुहोस् : १ राजा १७:२,८; १८:१, ९-१३

दर्शनलाई साँची राख्नुहोस् : हबकूब २:१-३